# जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावना**

प्रदेश भित्रका आर्थिक रुपले विपन्न, लोपोन्मुख, दलित, सिमान्तकृत जाति र समुदायका मानिसलाई आवासको व्यवस्था गर्न तथा तत्सम्बन्धमा व्यवस्था भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि प्रदेश नं.२ को प्रशासकिय कार्यविधि (नियमित) गर्ने ऐन २०७५ को दफा २ बमोजिम प्रदेश सरकारले प्रदेश जनता आवास कार्यक्रम कार्यविधि २०७५ स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश भर तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम कार्यान्वयन एकाइ कार्यालय"** भन्नाले बुंदा १०(४) बमोजिमको जनता आवास कार्यक्रम सञ्चालन गर्न स्थापना भएको सम्बन्धित जिल्लाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम समन्वय एकाइ"** भन्नाले बुंदा १० (१) बमोजिमका जनता आवास कार्यक्रम सञ्चालन गर्न मन्त्रालयमा स्थापना भएको समन्वय इकाइलाई सम्झनु पर्छ।

(ग) **"जनता आवास"** भन्नाले स्विकृत डिजाईन (भौतिक पूर्वाधार विकास मन्त्रालय) अनुसारका आवास एकाइलाई सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले प्रदेश नं.२ सम्झनुपर्छ।

(ङ) **"भवन कार्यालय"** भन्नाले मन्त्रालय अर्न्तगतको सम्बन्धित शहरी विकास तथा भवन कार्यालयलाई सम्झनु पर्छ।

(च) **"मन्त्रालय "** भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) **"निर्माण समिति"** भन्नाले बुंदा १७ अनुसार बनेको समितिलाई सम्झनु पर्छ।

(ज) **"लाभग्राही"** भन्नाले बुंदा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनीलाई सम्झनु पर्छ।

(झ) **"लक्षित वर्ग"** भन्नाले विगत देखि कार्यक्रम लागू हुने स्थानमा स्थायी रुपमा बसोबास गर्दै आएका डोम, मुसहर, चमार, दुसाध, खत्वे र अन्य दलितको हकमा राष्ट्रिय दलित आयोगको सूची अनुरूप (गन्धर्व, परियार, बादी, विश्वकर्मा, सार्की, कलर, ककैहिया, कोरी, खटिक, चिडिमार, तत्मा, धोबी, पत्थरकट्टा, पासी, बाँतर, मेस्तर, सरभङ्ग परिवार समूहहरूभित्र पर्ने सबै थरहरु) तथा विपन्न मुसलमान लगायत चेपाङ्ग, राउटे तथा कुसुण्डाहरुलाई सम्झनु पर्छ। साथै सालवसाली रुपमा नेपाल सरकार र प्रदेश सरकार प्रदेश नं २ ले बजेट वक्तव्य तथा कार्यक्रम मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख तथा सिमान्तकृत जाती, समुदाय र नेपाल सरकार र प्रदेश सरकार को वजेट वक्तव्य तथा कार्यक्रम मार्फत मन्त्रिपरिषद्ले निर्णय गरे अनुसारका जाति, समुदायका विपन्न वर्गका मानिसहरु सम्झनु पर्छ।

(ञ) **"स्थानिय तह "** भन्नाले जिल्ला समन्वय समीती, महानगरपालिका ,उपमहानगरपालिका,नगरपालिका र गाँउपालिका भन्ने बुझनु पर्छ।

सचिव

## परिच्छेद २
## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. **लक्षित वर्गको पहिचान** : लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ:
- (क) विगतदेखि त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।
- (ख) जग्गाधनी प्रमाण पूर्जा वा स्थानीय निकायमा आफू बसोबास गरिरहेको आवास/जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा स्थानीय निकायको सिफारिस ।
- (ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज ।
- (घ) लाभग्राही बसोबास गर्दै आएको घरको दयनिय भौतिक अवस्था ।
- (ङ) शहिद परिवारको परिचय पत्र ।

४. **लाभग्राहीको छनौटका आधारहरु** : (१) लाभग्राहीले हाल प्रयोग गरी रहेको घरको क्षेत्रफल, भुईं, गारो, तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरीने छ ।

तर अनुसूची-१ बमोजिमको क्रमसंख्या ४ र ५ बाट अङ्क प्राप्त नभएमा लाभग्राही छनौट हुने छैन ।

(२) बुंदा ४(१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने लाभग्राहीदेखि न्यूनतम ३५ अङ्क प्राप्त गर्ने लाभग्राही सम्मलाई क्रमैसँग छनौट गर्दै लगिने छ ।

(३) लाभग्राहीको छनौट बुंदा १४ बमोजिम गठित जिल्ला स्तरीय समन्वय समितिले गर्ने छ ।

(४) बुंदा ४(१) बमोजिम छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका, अपाङ्गता भएका घरमूलीलाई पहिलो प्राथमिकतामा राखी गरिने छ ।

(५.)बुंदा४(४) मा उल्लेखित वाहेकका जग्गाको स्वामित्व नभएका तर स्थानिय रुपमा वर्षोदेखि बसोवास गरिरहेका र अन्यत्र घर जग्गा पनि नभएका परिवारको हकमा प्रदेश सरकारले जग्गा खरिद गरी अनुसुचि (१) मा उल्लेखित विवरणको आधारमा प्राथमिकता क्रममा राखी एकिकृत बस्ति विकास कार्यक्रम संचालन गर्नेछ ।

५. **कार्यक्रम कार्यान्वयन स्थल** : (१) प्रदेश २ भित्रका लाभग्राही परिवार वसोवास भएका स्थान वा बस्तीहरूमा आवास योजना संचालन गरिने छ ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गहरूको घरहरू यथास्थानमा पुनःर्निमाण गरिनेछ ।

तर प्राकृतिक प्रकोपको जोखिम रहेको, वन सीमा क्षेत्र तथा विवादित स्थानमा रहेकाहरुको हकमा यो बुंदा लागू हुने छैन ।

सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

## परिच्छेद ३
## वित्तीय स्रोतको परिचालन

६. **वित्तीय प्रबन्ध** : (१) शहरी विकास तथा भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयले लक्षितवर्गलाई निर्माण समिति मार्फत आर्थिक स्रोत उपलब्ध गराउने छ।

(२) बुंदा ६(१) मा जुनसुकै कुरा लेखिएको भएपनि सिमान्तकृत तथा अल्पसंख्यक जाति वा अन्य लोपोन्मुख जातिको हकमा कुनै स्थानमा निर्माण समिति गठन हुन नसक्ने अवस्था भएमा भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयले निर्माण प्रगतिको आधारमा लाभग्राहीलाई सोझै रकम उपलब्ध गराउने छ।

(३) आर्थिक स्रोत प्राप्त गर्न निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले सम्बन्धित भवन कार्यालयबाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ।

(४) बुंदा६(३) बमोजिम खोलेको खाताको संचालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको र सम्बन्धित भवन कार्यालयले तोकेको कर्मचारीको संयुक्त नामबाट संचालन हुनेछ।

(५) शहरी विकास तथा भवन कार्यालय /कार्यक्रम कार्यान्वयन एकाई कार्यालय र निर्माण समितिबीच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(६) बुंदा १७ अनुसारको निर्माण समितिले लाभग्राहीसँग अनुसूची-३ को ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(७) बुंदा६(६) बमोजिम सम्झौता भएपछि सम्झौता बमोजिम निर्माण समितिले लाभग्राहीलाई निर्माण सामाग्री र योगदान वापतको रकम कटाई बाँकी ज्यालाको रकम उपलब्ध गराउनेछ।

(८) शहरी विकास तथा भवन कार्यालय /कार्यकम कार्यान्वयन एकाई कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(९) बुंदा ६(८) बमोजिम भवन कार्यालय/कार्यकम, कार्यान्वयन एकाई कार्यालयले लाभग्राहीलाई निर्माण सामाग्री र योगदान वापतको रकम कटाई बाँकी रकम उपलब्ध गराउने छ।

(१०) शहरी विकास तथा भवन कार्यालय /कार्यकम कार्यान्वयन एकाई कार्यालय र निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच भएको सम्झौता बमोजिम भवन कार्यालयले निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगतिको आधारमा किस्तावन्दीमा रकम उपलब्ध गराउने छ।

(११) सम्वन्धीत संझौता तथा खर्चसम्वन्धी सम्पूर्ण फाँटवारी राख्ने साथै लेखापरीक्षण गराउने जिम्मेवारी शहरी विकास तथा भवन कार्यालयको हुनेछ।

७. **निर्माण सम्पन्न भएको मानिने** : सम्वन्धीत प्राविधिकले संझौता बमोजिमको कार्य सम्पन्न भएको प्रमाणित गरेमा निर्माण कार्य सम्पन्न भएको मानिने छ।

८. **लागत सहभागिता योगदान र व्यवस्थापन** : (१) लाभग्राहीले कुल लागत अनुमानको १०% सहभागिता वापत ब्यहोर्नु पर्नेछ।

(२) बुंदा ८(१) बमोजिम लाभग्राहीको लागत श्रमदान,नगद वा निर्माण सामाग्री जुनसुकै हुन सक्नेछ।

सचिव

(३) यस बुंदामा उल्लेखित लाभग्राहीको लागत कट्टा गरी बुंदा ८ (३) मा उल्लेखित खातामा बचत रहने रकम सोही बस्ती भित्रको बाटो, खानेपानी, शौचालय जस्ता कार्यमा निर्माण समितिले खर्च गर्नेछ ।

९. **निर्माण सामग्री उपलब्ध गराउने** : (१) आवास निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामाग्रीहरू निर्माण समिति वा लाभग्राहीले खरिद गर्न सक्ने छ ।

(२) स्थानीयस्तरमा उपलब्ध हुनसक्ने निर्माण सामाग्रीहरू निर्माण समिति वा लाभग्राही मार्फत उपलब्ध गराइने छ ।

(३) आवास निर्माणको लागि वैकल्पिक निर्माण सामाग्री तथा भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास निर्माण गर्नु पर्नेछ ।

(४) निर्माण सामाग्री परिवर्तन गर्दा थप रकम आवश्यक हुने भएमा सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ, कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिनेछ ।

१०. **प्रदेश तथा अन्तर्गतका निकायहरूको भूमिका** : (१) प्रदेश मन्त्रालयको तर्फबाट काम गर्न प्रदेश मन्त्रालयको शहरी विकास तथा आवास महाशाखा अन्तर्गत जनता आवास कार्यकम संचालन गर्न एक कार्यकम समन्वय एकाइको व्यवस्था हुनेछ ।

(२) कार्यकम समन्वय एकाइको काम कर्तव्यहरू देहाय बमोजिम हुनेछ,

(क) प्रदेश सरकार तथा कार्यकम कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय र सहयोगीको भूमिका निर्वाह गर्ने ।

(ख) आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ग) अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागी निर्देशन दिने ।

(घ) भावी कार्यकमको लागी प्रतिवेदन तयार गरी पेश गर्ने ।

(३) सम्वन्धित भवन कार्यालयले जनता आवास कार्यक्रमका लागि प्राप्त अख्तियारी बमोजिम कार्यकम कार्यान्वयन कार्यालयलाई कार्य प्रगतिको आधारमा बजेट निकासा दिने तथा निर्माण कार्यको अनुगमन तथा प्रगति लिई कार्यकम समन्वय एकाईमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सम्वन्धित शहरी विकास तथा भवन कार्यालय मातहतमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन एकाई कार्यालयको व्यबस्था हुनेछन् ।

(५) कार्यकम कार्यान्वयन एकाई काम कर्तव्यहरू देहाय बमोजिम हुनेछन् ।

(क) स्थलगत अध्ययन, पश्चात उपलब्ध जग्गा अनुसार आवास एकाई निर्माण कार्य संचालन गर्ने ।

(ख) सम्वन्धित स्थानीय निकायहरूसँग समन्वय गर्ने ।

(ग) कार्यकमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी मूल्याङ्कन गरी भुक्तानीको लागि सिफारिस गर्ने ।

(घ) कार्यकमको प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित कार्यालयमा पेश गर्ने ।

(ङ) कार्यक्रम सम्बन्धी जानकारी गराई समुदायलाई परिचालन गर्ने ।

सचिव

## परिच्छेद ४
## समितिहरूको व्यवस्था

११. **योजनाको समन्वय र व्यवस्थापन** : (१) जनता आवास कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न प्रदेश स्तरमा देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहने छ;

(क) माननीय मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय संयोजक

(ख) माननीय राज्य मंत्री ,भौतिक पूर्वाधार विकास मन्त्रालय,(उपलब्ध भएमा) ..........उप-संयोजक

ग) माननीय सदस्य, निति आयोग (शहरी विकास क्षेत्र हेर्ने) सदस्य

घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सदस्य

ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय सदस्य

च) सचिव, आर्थिक मामिला तथा कानुन मन्त्रालय सदस्य

छ) सचिव, कृषि भूमिसुधार तथा व्यवस्था मन्त्रालय सदस्य

ज) सचिव, वन ,उधोग तथा पर्यटन मन्त्रालय सदस्य

झ) उप-सचिव, आवास तथा भवन महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय सदस्य सचिव

१२. **केन्द्रीय निर्देशक समितिको काम कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने ।

(ख) कार्यकम संचालन तथा कार्यान्वयनको क्रममा, जिल्लास्तरीय समन्वय समिति तथा निर्माण समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) स्वीकृत आवासको नमूना डिजाईन तथा लागत अनुमान छलफल गरी अनुदान रकम तोक्ने ।

(घ) जिल्लास्तरीय समन्वय समितिबाट आवास कार्यकम लागू हुने गाउँपालिका, उपमहानगरपालिका र नगरपालिका छनौटसम्बन्धी जानकारी लिने ।

(ङ) कार्यकमको प्रगति समीक्षा गर्ने, सम्बन्धित केन्द्रीय निकायहरूबीच समन्वय गर्ने ।

(च) आगामी बर्षको लागि कार्यक्रम निर्माण, नीति तर्जुमा गर्ने तथा बजेट व्यबस्था सम्बन्धमा आवश्यक पहल गर्ने ।

(छ) कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक परिवहन सुविधा तथा प्रोत्साहनको लागि थप सेवासुविधा सम्बन्धी आवश्यक निर्णयको लागि सिफारिश गर्ने ।

(ज) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउन निर्णय गर्ने ।

(झ) अति विपन्न असहाय तथा असक्त जस्ता लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागीता रकम जिल्लास्तरिय समन्वय समितिको सिफारिस बमोजिम औचित्यका आधारमा छुट दिन निर्णय गर्ने ।

(ञ) छनौट भएको वस्तीमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ट) प्रदेश भित्र लागू हुने आवासको लागी नमूना नक्सा स्वीकृत गर्ने ।

१३. **बैठक सञ्चालन सम्बन्धी कार्यविधि** : (१) केन्द्रीय निर्देशक समितिको वैठक संचालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

सचिव

(२) केन्द्रीय निर्देशक समितिले बैठकमा आवश्यक व्यक्ति वा संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१४. **जिल्लास्तरीय समन्वय समिति** : (१) कार्यक्रम संचालन गर्न जिल्लास्तरमा देहायबमोजिम एक समन्वय समिति गठन हुनेछ :

(क मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्य......... संयोजक

(ख) मन्त्रालयले तोकेको सम्वन्धित जिल्लाका उपलब्ध भए सम्मप्रदेश सभा सदस्य १ एक जना सदस्य

(ग) प्रमुख, जिल्ला नापी कार्यालय सदस्य

(ध) प्रमुख, मालपोत कार्यालय सदस्य

(ङ) प्रमुख, जिल्ला भूमिसुधार कार्यालय सदस्य

(च) सम्बन्धित जिल्लाका लक्षित बर्गहरु मध्येबाट मन्त्रालयले तोकेका महिला एक पुरुष एक गरी दुईजना सदस्य

(छ) जिल्ला प्रशासन कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधी १ जना सदस्य

(ज) सम्वन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत स्तरका कर्मचारी सदस्य सचिव

(२) बुंदा १४ (१) को खण्ड (ख) बमोजिम प्रदेश सभा सदस्य तोक्दा संयोजकले प्रतिनिधित्व गर्ने राजनीतिक दल भन्दा फरक राजनीतिक दलको प्रतिनिधित्व हुने गरी तोक्नु पर्ने छ ।

(३) समितिको संयोजकको अनुपस्थितिमा बुंदा १४ (२) बमोजिमको प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्नेछ ।

१५. **जिल्ला स्तरीय समन्वय समितिको काम कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) केन्द्रीय निर्देशक समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) आवास कार्यकम लागू हुने स्थानीय तह बाट बुंदा ४ को आधारमा लाभग्राहीको छनौट गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनमा जिल्ला स्तरमा समन्वय कायम गर्ने ।

(घ) कार्यकम संचालन तथा कार्यान्वयनको कममा भवन कार्यालय/कार्यक्रम कार्यान्वयन इकाई कार्यालय/निर्माण समिति तथा लाभग्राहीलाई आवश्यक सहयोग गर्ने तथा निर्देशन दिने ।

(ङ) कार्यकमको प्रगति अनुगमन गर्ने ।

(च) कार्यकम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने ।

(छ) अति विपन्न असहाय, असक्त तथा दयनिय आर्थिक अवस्था भएका घरधनिले व्यहोर्नु पर्ने लागत सहभागिता छुटका लागि निर्माण समितिबाट मनासिव कारण तथा प्रमाण सहित अनुरोध भै आएमा केन्द्रीय निर्देशक समितिलाई छुटका लागि सिफारिस गर्ने ।

(ज) स्वीकृत नमूना आवास डिजाइनहरु छनौट गरी निर्माण गर्ने ।

(झ) तत्काल कायम रहेको सबै स्थानीय तह हरुमा तोकिएको लक्षित वर्ग समेटी स्थानीय तह छनौट गरी सो को जानकारी केन्द्रिय निर्देशक समितिमा गर्ने ।

सचिव

१६. **बैठक सञ्चालन सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक संचालन सम्वन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) समितिले आवश्यकता बमोजिम बैठकमा अन्य व्यक्ति तथा संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **निर्माण समिति** : न्यूनतम १० लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा कम्तीमा दुईजना महिला प्रतिनिधि भएको देहाय बमोजिमको निर्माण समिति गठन हुनेछ :

(क) भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाइ कार्यालयको रोहवरमा आवास एकाइ लाभग्रहीहरूको भेलाबाट छनौट भएको एक एकाई धनी — संयोजक

(ख) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई कार्यालयको रोहवरमा आवास एकाई लाभग्रहीहरूको भेलाबाट छनौट भएका बढीमा ५ जना — सदस्य

(ग) शहरी विकास तथा भवन कार्यालय /कार्यक्रम कार्यान्वयन एकाई कार्यालयबाट खटाईएका कर्मचारी — सदस्य सचिव

१८. **निर्माण समितिको काम कर्तव्य र अधिकार** : निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय निर्देशक समिति एवम् जिल्ला स्तरीय समन्वय समितिबाट प्राप्त निर्देशन अनुरूप निर्माण कार्य गर्ने गराउने ।
(ख) आवश्यक निर्माण सामग्री प्राप्त गर्ने ।
(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लक्षित परिवारसँग सहमति कायम गर्ने ।
(घ) लक्षित परिवारलाई निर्माण सामग्री तथा सरकारी रकम उपलव्ध गराउने ।
(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने गराउने ।
(च) लाभग्राहीले व्यहोर्ने सहभागिता अंशको योगदान जुटाउने ।
(छ) अति विपन्न असहाय, असक्त तथा एकल महिला जस्ता घरधनिले व्यहोर्नु पर्ने लागत सहभागिता छुट दिन जिल्लास्तरीय समन्वय समितिलाई सिफारिस गर्ने ।
(ज) कार्यकम कार्यान्वयन इकाई कार्यालयको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढङ्गले संचालन गर्ने ।
(झ) आवश्यकता अनुसार उप-समितिहरू गठन तथा अन्य संघ संस्थाहरूलाई सहकार्य गराउन उत्प्रेरकको भूमिका निभाउने ।
(ञ) स्वीकृत नक्सा बमोजिम भवन निर्माण गराउने तथा निर्माण भए नभएको बारे प्रत्येक किस्ता भुक्तानी गर्दा चेक जाँच गरी अनुदानको रकम दिने व्यवस्था गराउने ।

सचिव

## परिच्छेद ५
## तालिमको व्यवस्था

१९. **तालिमको व्यवस्था** : (१) प्रत्येक जिल्लामा आवश्यक संख्यामा स्वीकृत नमूना अनुसारको भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्वन्धी नाइके तालिम भवन कार्यालयले व्यबस्था गर्नु पर्नेछ ।

(२) जनता आवास निर्माणमा संलग्न हुने आवश्यक जनशक्तिलाई भवन कार्यालय वा कार्यकम कार्यान्वयन एकाई कार्यालयबाट कार्यगत तालिमको व्यवस्था गरिनेछ ।

(३) तालिमको कममा आवास एकाइ लाभग्राहीहरुलाई प्राथमिकता दिईने छ ।

(४) तालिमको क्रममा निर्माण समितिको सिफारिसमा संभव भएसम्म एकजना लाभग्राहीको नमूना आवास तयार गरिने छ ।

(५) भवन कार्यालय/कार्यकम कार्यान्वयन एकाई कार्यालयले लाभग्राहीहरुलाई जनता आवास कार्यक्रम सम्वन्धमा सूसूचित गर्ने अभिमूखिकरण तालिमहरु संचालन गर्न सक्नेछन् ।

(६) तालीम प्राप्त व्यक्तिहरुलाई स्थानीय रोजगारी तथा सीप विकासमा संलग्न गराइनेछ ।

(७) भवन कार्यालयले तालिम सम्बन्धी कार्यकम संचालन गर्दा जिल्ला स्तरिय समन्वय समीतीसंगको समन्वय गरी संचालन गर्ने छ ।

## परिच्छेद ६
## विविध

२०. **निर्देशन दिन सक्ने** : यस कार्यविधि बमोजिम काम कारवाहीको सन्दर्भमा केन्द्रीय निर्देशक समितिले सम्बन्धित सरकारी निकाय, जिल्ला स्तरिय समन्वय समिति तथा निर्माण समितिलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

२१. **विवादको समाधान** : जिल्ला स्तरिय समन्वय समिति वा भवन कार्यालय/कार्यकम कार्यान्वयन एकाई कार्यालय र निर्माण समिति वा लाभग्राहीहरु बीच कुनै विवाद उत्पन्न भएमा केन्द्रीय निर्देशक समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

२२. **फरफारक हुने** : कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी आवास इकाई सम्पन्न नभए पनि खर्च फरफारक गरिनेछ ।

२३. **बेच बिखन गर्न नपाउने** : लाभग्राहीले आवास एकाइ निर्माण सम्पन्न भएको मितिले पाँच वर्ष सम्म बेचविखन गर्न पाउने छैन् ।

२४. **कारबाही हुने** : यस कार्यकमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

२५. **अन्य निकायलाई सहयोग को अनुरोध गर्नसकिने** : नेपाल सरकारका सेवा तथा पूर्वाधारसंग सम्वन्धित निकायहलाई(जस्तै सडक, खानेपानी तथा सरसफाई, विद्युत, संचार, शिक्षा, स्वास्थ्य, सुरक्षा आदि) जनता आवास कार्यकम लागू भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग का लागि अनुरोध गर्न सकिनेछ ।

२६. **सुविधा नपाउने** : जनता आवास कार्यक्रमबाट आवास एकाई प्राप्त गर्ने लाभग्राहीहरुले प्रदेश सरकारको अन्य कार्यक्रमबाट आवास सम्बन्धी सेवा सुविधा पाउने छैन ।

सचिव

२७. **फेरबदल गर्न सक्ने** : लाभग्राहीले स्वीकृत नमूना आवास डिजाइनको क्षेत्रफलमा केही प्रतिशत संशोधन गरी निर्माण गर्न सक्नेछ ।

तर कम क्षेत्रफलको लागि सोही अनुपातमा खर्च घटाई अनुदान रकम प्राप्त गर्न सक्नेछ ।

२८. **गैह्र सरकारी संस्थाको सहयोग लिन सक्ने** : जनता आवास कार्यक्रम कार्यान्वयनको क्रममा गैह्र सरकारी संस्थाबाट प्राविधिक सहयोग लिन सकिनेछ ।

२९. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएको हदसम्म यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

सचिव

अनुसूची १
बुंदा ४ संग सम्वन्धित
लाभग्राहीहरूको छनौट तथा प्राथमिकीकरणका आधारहरू

| क.स | विवरण/अङ्क | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा वढी - ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखि १०० सम्म- ५<br>१०० भन्दा वढी - ० | |
| ३ | घरभित्रको भुई | माटो - १०<br>ईंटा,ढुङ्गा आदि -५<br>सिमेन्ट - ० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने । |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टको जोर्नी-० | ५० औं प्रतिशतसम्ममा जे छ त्यसैलाई मान्ने |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल, टिन - ५<br>ढलान, कलर CGI सिट - ० | आसवेटस छाना स्वास्थ्यको लागि हानीकारक छ । |
| ६ | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको - १०<br>नभएको - ० | तर डोम, मुसहर ,हलखोर ,ढाँगर,मेस्तरसीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि-१० |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय निकायको भोगाधिकार सिफारिस (स्वबासी र विवाद रहित) -१०<br>/ताल किनारामा बसोबास गरेको - ० | नदि,तालको किनारमा बसोवास गरिरहेका छनोटमा परेका लाभग्राहीहरु लाई प्रदेश सरकारले जग्गा खरिद गरी बुंदा ४ (५) बमोजिम व्यवस्था गरिनेछ । |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको- १०<br>अन्यत्र जग्गा भएको- ० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१०<br>अन्य -० | |

सचिव

(१) साधारणतया १० लाभग्राही परिवार भएको बस्तीमा एक निर्माण समितिको गठन गरी आवास कार्यक्रम संचालन गरिनेछ । तर छरिएर बसोवास गरेको डोम,मुसहर ,हलखोर मेस्तर अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन । यस्तो अवस्था देखिएमा भवन कार्यालय/कार्यक्रम कार्यान्वयन इकाई कार्यालयले लाभग्राहीसँग सम्झौता गरी कार्य सम्पन्न गर्नेछ ।

(२) प्राकृतिक जोखिममा रहेका, वन क्षेत्रमा परेका, र विवादित घडेरी भएका स्थानमा यो कार्यक्रम संचालन गर्न पाइने छैन ।

(३) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन् ।

सचिव

## अनुसूची-२

बुंदा ६ को बुंदा (५) सँग सम्वन्धित

प्रदेश सरकार

प्रदेश नं.२

भौतिक पूर्वाधार विकास मन्त्रालय

**जनता आवास कार्यक्रम**

### भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई कार्यालय तथा निर्माण समिति बीच गरिने सम्झौता पत्रको ढाँचा

१. **सम्झौता गर्ने पक्षहरु** : जनता आवास कार्यक्रम कार्यान्वयन एकाइ र **श्री** .............. ....... **निर्माण समि**

२. **कार्यकमको नाम** : जनता आवास कार्यक्रम अन्तर्गत आवास एकाइ निर्माण गर्ने ।

३. **कार्यक्रम स्थल** : जिल्ला :....... गा.पा.का./नगरपालिका:..................वडा नं....... टोल/गाउँ...............

४. **निर्माण गरिने कुल आवास इकाई**

५. **कार्यकमको लागत:-** (क) कार्यकमले व्यहोर्ने रकम........................ (ख) लाभग्राहीले व्यहोर्ने रकम...................... (ग) (कन्टिन्जेन्सी रकम ............................

**कार्यकमको प्रस्तावित कार्यान्वयन अवधि :**

(क) शुरु हुने मिति :- २०../...../......., ख) पुरा हुने मिति :- २०.. /....../.....

६. **खर्च व्यहोर्ने श्रोत :-**

(क) कार्यकमबाट व्यहोरिने :-

(१) नगद रुपैया :- ...................।- ( कन्टिन्जेन्सी बाहेक)

(२) निर्माण सामाग्री :-

(ख) लाभग्राहीबाट व्यहोरिने रकम:

(१) नगद.रु...............................

(२) निर्माण सामाग्री (मूल्यमा).............

(३) श्रम (मूल्यमा) :- ..........................

(४) कुल :..........................

(ग) वृद्ध, एकल महिला, अनाथ बालबालिका, अपाङ्गता भएका घरमूली लाभग्राहीले श्रम वा श्रम बराबर रकम व्यहोर्नु नपर्ने ।

७. **निर्माण समितिको नाम /ठेगाना** ....................................................

निर्माण समितिको दर्ता नं/कार्यालय :- ..............

८. **निर्माण समितिका पदाधिकारीहरु :-**

(क) संयोजक : श्री

(ख) सदस्य : श्री

(ग) सदस्य : श्री

(घ) सदस्य : श्री

(ङ) सदस्य : श्री

(छ) ,, :श्री

(ज) " : श्री

सचिव

**९. सम्झौताका शर्तहरुः**

(क) निर्माण कार्य गराँउदा नाप नक्सा तथा स्विकृत लागत अनुमानको गुणस्तर अनुसार निर्माण समितिले गराउने छ ।

(ख) निर्माण समितिले भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई कार्यालयबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा घरधनीलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई एकाइ कार्यालय मार्फत डिभिजन कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

(घ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी भवन कार्यालयमा समेत पेश गर्नु पर्ने छ ।

(ङ) निर्माण समिति गठन हुन नसकेको अवस्थामा भवन कार्यालय र लाभग्राहीबीच सम्झौता भई निर्माण कार्य सम्पन्न गरिनेछ ।

**१०. भुक्तानीको ढाँचा :**

(क) निर्माण समिति/सम्बन्धितको नाममा रहेको खातामा रकम तिन किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक/सम्बन्धित र सम्बन्धित डिभिजन कार्यालयले तोकेको कर्मचारीले गर्ने छ ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धितको खातामा ३५% रकम उपलब्ध गराईने छ ।

(ग) सिल (झयालको तल्लो भाग) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ५० % रकम उपलब्ध गराईने छ ।

(घ) पूरा कार्य सम्पन्न भएपछि बाँकी १५% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(ङ) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

**११. सम्झौताका पक्षहरु**

| **निर्माण समिति/*सम्बन्धितको तर्फबाट** | **भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन एकाई कार्यालयको तर्फबाट** |
|---|---|
| संयोजक | कार्यक्रम प्रतिनिधीको नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| **साक्षी :** | **साक्षी :** |
| (१) श्री......................................., | (१) श्री......................................., |

सम्बन्धितः- निर्माण समिति वा निर्माण समिति नभएको खण्डमा लाभग्राही/ कार्यालय/कार्यक्रम कार्यान्वयन इकाई कार्यालय बुझिन्छ ।

सचिव

**अनुसूची-३**
**बुंदा ६ बुंदा (६) संग सम्वन्धित**
**निर्माण समिति र लाभग्राहीबीच गरिने**
**संझौता पत्रको ढाँचा**

१. **सम्झौता गर्ने पक्षहरु :** ............................**निर्माण समिति** र ..............................**लाभग्राही** ।

२. **कार्यकम स्थल :-** जिल्ला :-...... गा.वि.स. / नगरपालिका :- ....... गा.वि.स. ........**वडा नं:-** ......

३. **उद्देश्य :-** आवास निर्माण ।

४. **कुल लागत :-** आवास निर्माण कार्यमा ...........।......... लाभग्राहीको सहभागिता बापतको अशं समेत)

५. **प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :**

(क) शुरु हुने मिति :- २०.../...../.......

(ख) पुरा हुने मिति :- २०../....../...... सम्म

६. **खर्च व्यहोर्ने श्रोत :-**

क) निर्माण समितिले भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयसंग गरेको संझौता बमोजिम हुनेछ ।

७. **सम्झौताका शर्तहरुः-**

(क) स्विकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्ने छ ।

(ख) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउन घरधनी मन्जुर छ साथै सो बापत लाग्ने खर्च समेत व्यहोर्न घर धनी मन्जुर छ ।

८. **सम्झौताका पक्षहरु**

| **निर्माण समितिको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| संयोजक | घरधनीको नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| **साक्षी :** | **साक्षी :** |

(१) श्री शहरी विकास तथा भवन कार्यालयको प्रतिनीधी (१)
श्री..........................................,

सचिव

## अनुसूची-४

### बुंदा ६ बुंदा (८) संग सम्बन्धित

### भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालय तथा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गरिने संझौतापत्रको ढाँचा

१. सम्झौता गर्ने पक्षहरु : .................. र.......................................................................... ।

२. कार्यक्रम स्थल :- ......... जिल्ला :-............ गा.पा.का./नगरपालिका :- ............ वडा नं :- .......

३. उद्देश्य :- आवास निर्माण ।

४. कुल लागत :- आवास निर्माण कार्यमा .................................. लाभग्राहीको सहभागिता बापतको अंश समेत ।

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति :- ............../........./.......

(ख) पुरा हुने मिति :- ............/......../...... सम्म

६. खर्च व्यहोर्ने श्रोत :-

क) लाभग्राहीले भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयसंग गरेको संझौता बमोजिम हुनेछ ।

७. भुक्तानीको ढाँचा :

(क) निर्माण समिति/सम्बन्धितको नाममा रहेको खातामा रकम तिन किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक/सम्बन्धित र सम्बन्धित भवन कार्यालयले तोकेको कर्मचारीले गर्ने छ ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धितको खातामा ३५% रकम उपलब्ध गराईने छ ।

(ग) सिल (झयालको तल्लो भाग) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ५० % रकम उपलब्ध गराईने छ ।

(घ) पूरा कार्य सम्पन्न भएपछि बाँकी १५% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(ङ) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

८. सम्झौताका शर्तहरु :

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्ने छ ।

(ख) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउन लाभग्राही मञ्जुर छ । साथै सो बापत लाग्ने खर्च समेत व्यहोर्न लाभग्राही मञ्जुर छ ।

९. कुनै पनि विवादको समाधान केन्द्रीय निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

सचिव

१०. सम्झौताका पक्षहरु

| भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| कार्यक्रम प्रतिनिधि : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| (१) श्री...................................... | (१) श्री...................................... |

सचिव